# सत्यताको कुनेढुङ्गो



Cornerstones of Truth

CS3131

Nepali

# सत्यताको कुनेढुङ्गो

## बाइबल सिद्धान्तको अध्ययन

स्वयम्-अध्ययन पाठ्यपुस्तक

लेखकः फ्लोवाइड सी. ऊडवर्थ, जुनियर
साथसाथै डेविड डी डंकन

---

अनुवादकः बाल कृष्ण शर्मा

इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिच्यूट

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

प्रति: १०००

© १९९७ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी

Published by
ICI University
P.O. Box 4245
Kathmandu
Nepal

© ICI University
First Edition 1990
Reprint 1997
Cornerstone of Truth

# विषय सूची


| | पृष्ठ |
|---|---|
| पाठ्यपुस्तक परिचय | ५ |
| **भाग एक**ः परमेश्वरको सार्वभौमसत्ता | |
| **पाठ** | |
| १. परमेश्वरः उहाँका स्वभाव र स्वाभाविक गुणहरू | १६ |
| २. परमेश्वरः उहाँका नैतिक चरित्र (गुण) र कामहरू | ५८ |
| ३. ख्रीष्टः अदृश्य परमेश्वरको दृश्य रूप | ९८ |
| ४. पवित्र आत्माः बुद्धिमान् व्यवस्थापक (निर्देशक | १३६ |
| **भाग दुई**ः परमेश्वरको अधीनता | |
| ५. स्वर्गदूतहरूः अन्धकारका सेनाहरू... | १७४ |
| ६. मानवजातिः सृष्टिकर्ताको अधीनमा भएको मानव | २१२ |
| ७. पाप र उद्धारः समस्या र समाधान (उत्तर) | २४६ |
| **भाग तीन**ः परमेश्वरको उपाय | |
| ८. पवित्रशास्त्र बाइबलः परमेश्वरको लिखित प्रकाश | २८० |
| ९. मण्डलीः परमेश्वरका मानिसहरूको समुदाय | ३१४ |
| १०. भविष्यः प्रकाश, इनाम, र विश्राम | ३५० |
| ग्रन्थसूची | ३९३ |
| शब्दकोश | ३९४ |
| स्वयम्-जाँचका उत्तरहरू | ४०८ |

## आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रम

आई. सी. आई. ख्रीष्टियान सेवा कार्यक्रमका १८ वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बाँयापट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढिनुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६, ६ वटा पुस्तक गरी तीन खण्डमा विभाजन गरिएको छ। सत्यताको कुनेढुङ्गो भनिने यो पुस्तक भाग १ को तेस्रो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकहरूलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फायदा उठाउन सक्नुहुन्छ।

ख्रीष्टियान सेवा कार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेष रूपमा प्रयोग गर्नसकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले विद्यार्थीलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचोपर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पाठ प्रमाणपत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्नसक्नुहुन्छ।

**ध्यान**

कृपया, पाठ्यपुस्तकको परिचयलाई बडो होशियारीसाथ पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूको प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रतिवेदनहरूका निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठी पत्रहरू आई. सी. आई.को ठेगानामा पठाउनुहोलाः

# पाठ्यक्रमको परिचय

**सिद्धान्तको अध्ययन के हो?**

आधुनिक भारतका पिता महात्मा गाँन्धीले बीसौं शताब्दीको दुष्टता के हो भनी विश्वास गरेका थिए? किन बेनीटो जुआरेजले मेक्सिको देशमा ख्रीष्टिय-मण्डलीलाई राज्यबाट अलग गर्ने कुरा रोजे?

यिनीहरू र अरू यस्तै विद्वानहरूले कुनै विषयको बारेमा के सिकाएका छन् भनी पत्ता लगाउनलाई हामीले तिनीहरूका कामसम्बन्धी लेखिएका सबै पुस्तकहरूलाई पढ्नुपर्छ। गान्धीको विषयमा कमसेकम ८० वटा पुस्तकहरू पढ्न खाँचो पर्ला! यदि उनले सिकाएका कुराहरूलाई विषयगत रूपमा कसैले एउटै पुस्तकमा लेखिदियो भने उनको बारेमा जान्न हामीलाई कति सजिलो पर्ला!

बाइबलमा भएका धेरै विषयहरूको अध्ययन गर्ने कोशिश गर्दा हामीले यही समस्याको सामना गर्नुपर्छ। तपाईंले पत्ता लगाइसक्नु भएको होला, कि बाइबलमा भएका शिक्षाहरू विषयगत रूपमा लेखिएका छैनन्। उदाहरणको लागि, उत्पत्तिको पुस्तकले हामीलाई परमेश्वरको बारेमा पूर्ण व्याख्या दिएको छैन, नता अरू कुनै एउटै पुस्तकले यस विषयमा पूर्ण रूपमा बताएको छ।

बाइबल अध्ययन गर्ने सबैभन्दा महत्वपूर्ण तरीका, यस पुस्तकमा विशेष विषयसँग सम्बन्धित सबै शिक्षाहरूलाई पत्ता लगाउनु हो। यसले हामीलाई तुरून्तै सबै विचारलाई हेर्न र साथसाथै तार्किक रूपमा विस्तृतिकरणलाई संगठित गर्न सहायता पुऱ्याउँछ। हाम्रो विचारलाई एकत्रित गर्ने र हाम्रो जीवनलाई बाइबल आधारित सिद्धान्तहरूसँग मिलाउने यो एक व्यावहारिक तरीका हो।

यस्तो किसिमको बाइबल अध्ययनलाई क्रमबद्ध सिद्धान्त (ईश्वरशास्त्र) पनि भनिन्छ। यो पाठ्यपुस्तकमा हामी यो योजनालाईनै पच्छ्याउने छौं जहाँ धर्मशास्त्र बाइबलले, विश्व, यसको शासनकर्ता, सृष्टि, र तिनीहरूको विकासको निम्ति परमेश्वरले चुन्नुभएको बनावटको बारेमा बताएको छ, त्यसलाईनै हामी क्रमबद्धरूपमा यहाँ अध्ययन गर्नेछौं। बाइबलले भविष्यको बारेमा के बताएको छ, सो पनि हामी पत्ता लगाउनेछौं।

बाइबलले महत्वपूर्ण विषयहरूको बारेमा के बताएको छ, त्यसलाई क्रमिक रूपमा विचार गर्नाले हामीले परमेश्वरबाट के आशा गर्नसक्छौं र उहाँले हामीबाट के आशा गर्नुभएको छ, भन्ने कुरा जान्न हामीलाई सहायता पुग्छ। जसको फलस्वरूप हामी आत्मिक रूपमा वृद्धि हुँदै जानेछौं।

**पाठयपुस्तकको वर्णनः**

सत्यताको कुनेढुङ्गोः बाइबल सिद्धान्तको अध्ययन मुख्य बाइबल सिद्धान्तको परिचयात्मक क्रमबद्ध अध्ययन हो। मुख्य विषयहरूमा परमेश्वरको स्वभाव, परमेश्वरका कामहरू, स्वर्गदूतहरूका कामहरू र सीमितपनाहरू, सृष्टि, मानिसको पतन, परमेश्वरको उद्धारको योजना, धर्मशास्त्रको शुरू, ख्रीष्टिय-मण्डली, मानव जातिको निम्ति परमेश्वरको अन्तिम योजना जस्ता विषयहरू समावेश गरिएका छन्। यो पाठ्यपुस्तक व्यावहारिक, बाइबल आधारित शिक्षाको मुख्य अध्ययन र प्रयोगात्मक भएको हुनाले विश्वासीहरूका निम्ति ज्यादै उपयुक्त छ। बाइबलका मुख्य विषयहरूलाई पत्ता लगाई धेरै पदहरूबाट समर्थन गरी लेखिएको छ।

# पाठ्यक्रमको परिचय

**पाठका उद्देश्यहरू:**

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंले:

१. त्रित्वको ईश्वरीय र व्यक्तिगत स्वभावलाई सूची बनाएर उल्लेख गर्न सक्नुपर्नेछ।

२. मानिसको सृष्टि, मानिसको पतन, र परमेश्वरसँग फेरि सङ्गति कायम गर्नको निम्ति उहाँले मानिसलाई प्रदान गर्नुभएको उपायको वर्णन गर्न सक्नुपर्नेछ।

३. असल र दुष्ट स्वर्गदूतहरू र तिनीहरूका कामहरूका बारेमा तपाईंलाई जे थाह छ, सो उल्लेख गर्नुपर्नेछ।

४. ख्रीष्टिय-मण्डलीका उद्देश्यहरू र कार्यक्रमहरू के के हुन् र यसको अनन्त भविष्यको निम्ति परमेश्वरको योजना कस्तो छ, व्याख्या गर्न सक्नुपर्नेछ।

५. बाइबल आधारित सत्यतामा आधारित भएको व्यवहार र विश्वासको स्तरद्वारा तपाईंको जीवनको सबै क्षेत्रमा अगुवाइ भएको हुनलाई निश्चित गर्न सक्नुपर्नेछ।

**पाठ्यपुस्तक**

यस पाठ्यक्रम अध्ययनको निम्ति तपाईंले सत्यताको कुनेढुङ्गो भन्ने नयाँ नियम निरीक्षण पुस्तक प्रयोग गर्नुहुनेछ। यो तपाईंको निम्ति पाठ्यपुस्तक र सहायकपुस्तिका दुवै हुनेछ।

**अध्ययन समय**

प्रत्येक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो तपाईंले प्राप्त गर्नुभएको ज्ञान र तपाईंको खुबीमा भरपर्छ। यदि तपाईंले, पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो अध्ययन समय-तालिका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस्।

**पाठ संगठन र अध्ययन नमूना**

प्रत्येक पाठमा यी भागहरू छन्ः १) पाठको शीर्षक, २) शुरूको वाक्य, ३) पाठको रूपरेखा ४) पाठका उद्देश्यहरू, ५) सिक्ने क्रियाकलाप, ६) मुख्य शब्दहरू, ७) अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८) स्वयम् जाँच (पाठ विकासको अन्तमा), ९) अध्ययन प्रश्नहरूका उत्तरहरू।

पाठको रूपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन्।

अध्ययन सहायक पुस्तिकामा भएको खाली ठाउँमा नै तपाईंले प्रायःजसो प्रश्नहरूको उत्तर लेख्न सक्नुहुन्छ। लामो खालका उत्तरहरू अभ्यास पुस्तिकामा लेख्नुपर्छ। आफ्नो अभ्यास पुस्तिकामा लामो उत्तरहरू लेख्दा, पाठको शीर्षक र अङ्क लेख्न नभुल्नुहोस्। किनकि यसले तपाईंलाई पछि विद्यार्थी एकाई प्रतिवेदन भर्नको निम्ति सहायता गर्छ।

सोधिएको प्रश्नमा तपाईंको आफ्नो उत्तर नदिईकन पुस्तकका उत्तरहरू नहेर्नुहोस्। यदि तपाईं आफैले उत्तर दिनुभयो भने

अध्ययन गरेको कुरा राम्रोसँग सम्झन सक्नुहुन्छ। तपाईंले अध्ययन प्रश्नहरूको उत्तर दिइसकेपछि, आफ्नो उत्तर ठीक छ कि छैन भनी पाठको अन्तमा दिइएका उत्तरहरूसँग जाँच्न सक्नुहुन्छ। पाठको अन्त्यमा दिइएका उत्तरहरूलाई हेरेर तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्न सक्नुहुन्छ। उत्तरहरू क्रमिक रूपमा लेखिएका छैनन्, र तपाईंले उत्तर हेर्दा अर्को दोस्रो प्रश्नको उत्तर देख्नुहुन्न।

यी अध्ययन प्रश्नहरू धेरै महत्वपूर्ण छन्। यी प्रश्नहरूले तपाईंलाई पाठका मुख्य विचारहरू सम्झन र सिकेका कुराहरूलाई व्यवहारमा प्रयोग गर्नलाई सहायता पुर्‍याउँछन्।

**प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ**

यस अध्ययन सहायक पुस्तिकामा विभिन्न प्रकारका अध्ययन प्रश्नहरू र स्वयम्-जाँच प्रश्नहरू छन्। तल विभिन्न प्रकारका प्रश्नहरूको उदाहरण, र ती प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ भनी बताइएको छ। भिन्नै प्रकारका प्रश्नहरू बीचतिर देखिए भने, तिनीहरूलाई कसरी उत्तर दिनुपर्छ भनी विशेष निर्देशन दिइनेछ।

**छोटो-उत्तर प्रश्नले** तपाईंलाई कुनै वाक्य पूरा गर्न वा छोटो उत्तर लेख्नलगाउँछ। तपाईंको उत्तरको लागि अलिकति खाली ठाउँ पनि छोडिएको हुन्छ।

*उदाहरण*

१. कसद्वारा गलातीहरूको मण्डलीलाई पत्र लेखिएको थियो?

.......... *प्रेरित पावल* ..........

माथि देखाइए जस्तै, आफ्नो अभ्यास-पुस्तिकाको खाली ठाउँमा उत्तर लेख्नुहोस्।

**ठीक उत्तर चुन्नुपर्ने प्रश्नले** तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*उदाहरण*

२. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
  **क.** १०० पुस्तकहरू
  **ख.** ६६ पुस्तकहरू
  **ग.** २७ पुस्तकहरू

ठीक उत्तर चाहिँ ६६ वटा पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख**) को वरिपरि घेरा लगाउनुहोस्ः

२. बाइबलमा कतिवटा पुस्तकहरू छन्?
  **क.** १०० पुस्तकहरू
  **(ख.)** ६६ पुस्तकहरू
  **ग.** २७ पुस्तकहरू

(कुनै कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढी उत्तरहरू ठीक हुनसक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।)

**ठीक-बेठीक प्रश्नहरूले** तपाईंलाई दिइएका वाक्यहरूबाट कुन कुन ठीक हुन् सो छान्न लगाउँछन्।

*उदाहरण*

३. तल दिइएका कुन कुन बयानहरू ठीक छन्?

क. बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन्।

(ख.) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

ग. बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

(घ.) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभए जस्तै तपाईंले छान्नुभएका यी दुई अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोडा मिलाउने प्रश्नले** तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तै नामहरूसँग वर्णन, अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउनसकिन्छ।

*उदाहरण*

३. प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| __१__ | **क.** सिनै पर्वतमा व्यवस्था पाएका | १) मोशा |
| __२__ | **ख.** इस्राएलीहरूलाई यर्दन नदी पार गराएका | २) यहोशू |
| __२__ | **ग.** यरीहो शहरको वरिपरि घुमेका | |
| __१__ | **घ.** फिरऊन राजाको दरबारमा बसेका | |

**क.** र **घ.** मा दिइएको बयान मोशाको जीवनीसँग र **ख.** र **ग.** मा भएको बयान यहोशूसँग मिल्छ। माथि देखाए जस्तै तपाईंले **१** संख्या **क.** र **घ.** को पछाडि र **२** संख्या **ख.** र **ग.** को पछाडि लेख्न सक्नुहुन्छ।

## यस पाठ्यपुस्तकमा अध्ययन गर्ने तरीका

यदि यो पाठ्यपुस्तक तपाईं आफै अध्ययन गर्नुहुन्छ भने यसमा सोधिएका प्रश्नहरूका जवाफ हुलाकद्वारानै तपाईं पठाउनसक्नुहुन्छ। आई. सी. आई.-ले यस पाठ्यपुस्तकलाई स्वयम्-शिक्षण प्रणालीमा विकास गरेको भएतापनि यसलाई कुनै समूह वा कक्षामा पनि अध्ययन गर्नसकिन्छ। कुनै समूह वा कक्षामा अध्ययन गरिएको खण्डमा त्यहाँका निर्देशकको निर्देशनलाई पनि पालन गर्नुहोस्।

तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययन समूह वा मण्डलीको कक्षामा वा बाइबल स्कूलमा प्रयोग गर्नचाहनुहुन्छ होला। यी उद्देश्यहरूका लागि यसमा भएका विषयवस्तु र अध्ययन प्रणाली उत्तम ठहरिएको छ।

## विद्यार्थी प्रतिवेदन एकाइ

यस पाठ्यपुस्तकको साथसाथै तपाईंले विद्यार्थी प्रतिवेदन एकाइ पनि प्राप्त गर्नुभएको होला। यस पाठ्यपुस्तक र विद्यार्थी प्रतिवेदनमा उल्लेख गरिएका निर्देशनअनुसार यसमा सोधिएका प्रश्नहरूका जवाफ दिनुहोस्। तपाईंको अध्ययन सम्बन्धित सुझावहरू प्राप्त गर्नको निम्ति र तपाईंले दिनुभएका उत्तरहरूका जाँचको लागि त्यस उत्तर पृष्ठलाई आफ्नो निर्देशककहाँ पठाउन नभुल्नुहोस्।

# पाठ्यक्रमको परिचय

**प्रमाण-पत्र**

यस पाठ्यपुस्तकको अध्ययनको समाप्ती र तपाईंले लेख्नुपर्ने अन्तिम जाँचको उत्तम नतिजाको आधारमा तपाईंलाई प्रमाण-पत्र प्रदान गरिनेछ।

**तपाईंको आई. सी. आई. निर्देशक**

तपाईंलाई सहायता पुर्‍याउनको निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोवस्त मिलाउनको लागि उहाँसँग विन्ती गर्नुहोस्।

सत्यताको कुनेढुङ्गोः बाइबल सिद्धान्तको एक अध्ययन भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै ख्रीष्टियान सेवामा पनि सहायता पुर्‍याई ख्रीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई पहायता पुर्‍याउनेछ।